अछाम जिल्लाको साँफेबगरमा निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडद्वारा

# ब्यवसायिक बाख्रापालन तालिम सम्पन्न




काठमाण्डौ नक्सालमा केन्द्रीय कार्यालय रहेको निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडले संस्थाका ३० जना ग्राहक सदस्यहरुको सहभागितामा २०७६ मंसीर २१ गतेदेखि २३ गतेसम्म अछाम जिल्लाको साँफेबगरमा **"ब्यवसायिक बाख्रापालन तालिम"** सम्पन्न गरेको संस्थाका साँफेबगर कार्यालयका शाखा प्रमुख श्री फुलिराम चौधरीले जानकारी गराएका थिए । यस तालिममा २ बाहिरी विशेषज्ञ सहित शाखा प्रमुख श्री फुलिराम चौधरी र क्षेत्रीय कार्यालयका कार्यक्रम अधिकृत श्री मिन बहादुर हमाल प्रशिक्षक रहेका थिए ।

लघु उद्यमीलाई विकास गर्न र एक परिवारमा एक जना उद्यमी बनाउन पहल गरीरहेको संस्थाले साढे दुई दशकदेखि निरन्तर लघुवित्त सेवा दिईरहेको र यस संस्थाबाट कर्जा लिई ब्यवसाय गरी धेरै घरपरिवार आर्थिक समुन्नती तिर अगाडि बढेको समेत संस्थाका क्षेत्रीय कार्यालयका कार्यक्रम ब्यवस्थापकले बताएका थिए । तालिममा सहभागीहरुलाई स्वागत गर्नुका साथै तालिमको उद्देश्य बारेमा संस्थाको सांफेबगर शाखाका शाखा प्रमुख श्री फुलिराम चौधरीले प्रकाश पारेका थिए ।

निर्धन उत्थान लघुवित्त वित्तीय संस्था देशको ७७ वटै जिल्लाहरुमा शाखा सञ्जाल रहेको नेपालको एक मात्र सबैभन्दा ठूलो लघुवित्त संस्था हो । संस्थाले १८१ वटा शाखाहरु, १० वटा क्षेत्रीय कार्यालय र केन्द्रीय कार्यालय गरी १९२ वटा कार्यालयहरुको स्थापना गरी लघुवित्त सेवा

Copyright © 2019, Nirdhan Utthan Laghubitta Bittiya Sanstha Limited. All rights reserved. 

प्रदान गरिरहेको छ । संस्थाले ग्रामीण क्षेत्रमा बसोबास गर्ने शोषित, उत्पिडित, पिछडिएका विपन्न परिवारका महिलाहरुलाई समूहमा आवद्ध गराई विना धितो लगानी गर्नुका साथै सीपमूलक तालिम, उद्यमशील विकास तालिम, वित्तीय साक्षरता व्यवसायीक साक्षरता र सचेतनामूलक कार्यक्रमहरु संचालन गर्दै आर्थिक, सामाजिक, वौद्धिक विकास गर्दै आईरहेको छ । संस्थाले देशको अति दुर्गम स्थानहरुमा पनि शाखाहरु स्थापना गरी ग्राहक सदस्यहरुलाई सीप विकास तालिम प्रदान गर्दै आईरहेको छ साथै तालिम लिएका सदस्यहरुलाई आवश्यकतानुसार लगानी समेत गर्दै आईरहेको छ ।

बाख्रापालन व्यवसाय एक परिचय, स्थानीय र उन्नत बाख्रामा भिन्नता, बाख्रापालनको महत्व, आवश्यकता र वर्तमान स्थिति तथा नेपालमा पालिने स्थानीय तथा उन्नत नश्लका बाख्राहरुको जातिय परिचय, बाख्रापालन विधि, उमेर अनुसार पाठापाठी, बाख्रा बोकालाई भूँईको आवश्यकता तथा खोर निर्माण गर्न स्थानको छनौट, स्थानीय श्रोत साधन प्रयोग गरी उन्नत खोर निर्माण गर्ने तरिका र खोरमा हावा, ताप, प्रकाश, आर्द्रताको महत्व, सोतरको महत्व एवम् सोतरको लागि प्रयोग गरिने वस्तुहरु, उमेर अनुसार बाख्रालाई आहारको आवश्यकता तथा आहाराका श्रोतहरु (भूँई घाँस, डाले घाँस, चरन क्षेत्र बारे जानकारीको साथै सन्तुलित दाना बनाउने विधि र स्थानीय श्रोत साधनको प्रयोग गरी सन्तुलित दाना बनाउने तरिका, प्रजननको लागि बाख्रा तथा बोकाको छनौट गर्ने तरिका, प्रजनन गराउने उमेर, स्वजातिय तथा प्रजातिय प्रजननबाट हुने फाईदा बेफाईदा बारे जानकारी, थारा, ब्याउने बाख्रा, पाठा र पाठी र ब्याएको माउको हेरचाह, खोर, दानापानी दिने भाँडाहरुको सरसफाईको साथै खसी पार्ने उमेर र तरिकाहरु बारे आवश्यक जानकारी, रोग तथा निरोगी बाख्राको पहिचान, रोग लाग्नाका कारण तथा बाख्रामा लाग्ने पिपिआर रोग, टिम्पेनी, छेरौटी रोग, बाखाको छ मासे रोग, खोरेत रोग, रेविज रोगको लक्षण, उपचार तथा रोकथामका उपाय बारे जानकारी, बाख्रामा हुने आन्तरीक र वाह्य परिजिविहरुको नियन्त्रण साथै खोप कार्यक्रम बारे जानकारी, स्थानीय बाख्रापालनको महत्व, कमी, कमजोरी, संरक्षण तथा विकास, बजार व्यवस्थापन, बाख्रापालनको स्किम, बचतको महत्व तथा संस्थाका सेवाहरुको बारेमा यस तालिममा सहभागीहरुले जानकारी हासिल गरेको सांफेबगर शाखाका शाखा प्रमुख श्री फूलिराम चौधरीले बताएका थिए । व्यवसायिक रुपमा बाख्रापालन गर्न इच्छुक संस्थाका ग्राहक सदस्यहरुलाई थप ज्ञान, सीप प्रदान गरी व्यवसायिक सफलताको लागि तालिममा सहभागी गराईएको संस्थाका क्षेत्रीय कार्यालयका कार्यक्रम व्यवस्थापक श्री मिन बहादुर हमालले जानकारी गराएका थिए

तालिमको अन्त्यमा सहभागीहरु श्री दिला देबी साउद र श्री सत्य कुमारी खड्काले मन्तब्य राखेका थिए । व्यवसायिक रुपमा बाख्रापालन गरी आम्दानी वृद्धि गर्न तालिमले हौसला प्रदान

Copyright © 2019, Nirdhan Utthan Laghubitta Bittiya Sanstha Limited. All rights reserved. 

गरेको र तालिममा सिकेका विषयहरुलाइ व्यवसायमा प्रयोग गरि व्यवस्थित र आधुनिक तरिकाले व्यवसाय सञ्चालन गर्ने सहभागीहरुले बताएका थिए ।

संस्थाले २०७६ कार्तिक मसान्त सम्ममा ३ लाख ६६ हजार ५४० घरपरिवारहरुमा सेवा विस्तार गरेको छ । संस्थाले २०७६ कार्तिक मसान्तसम्ममा लगानीमा रहेको कर्जा रु. २० अरब २४ करोड रहेको छ भने ग्राहक सदस्यहरुका ११ अरब ७७ करोड बचत परिचालन गरेको छ ।

Copyright © 2019, Nirdhan Utthan Laghubitta Bittiya Sanstha Limited. All rights reserved.